सुनिलस्मृति गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा

लुम्विनी प्रदेश, नेपाल

## आन्तरिक आय (कवाडी कर) संकलन ठेक्का लगाउने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८०/०५/०५

नेपालको संविधानको अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी सुनिलस्मृति गाउँपालिका, रोल्पा भित्र संकलन भई निकासी गर्दा लाग्ने वस्तुमा कवाडी कर संकलन गर्ने उद्देश्यले आ.व. २०८०/०८१ का लागि देहाय अनुसार ठेक्का वन्दोबस्त गर्नु पर्ने भएकोले गाउँपालिकाले तोकेको शर्तहरुको अधिनमा रही वोलपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीहरुवाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र रीतपूर्कको सिलबन्दी वोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ।

**देहायः**

| सि.नं. | आय ठेक्का नं. | ठेक्काको नाम | ठेक्का अवधि | न्युनतम कवोल अंक (मू.अ.क. वाहेक) | धरौट रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | 01/SQ/SSRM/ 2080-081 | कवाडी मालसामानमा लाग्ने कर | २०८१ असार मसान्त सम्म | रु.५,००,०००(अक्षेरुपी पाँचलाख रूपैया मात्र) | कवोल अंकको ५% | रु.१०००।०० फिर्ता नहुने गरी |

नोटः ठेक्का सम्वन्धी पालना गर्नु पर्ने शर्तहरु र वोलपत्र सम्वन्धी कागजात गाउँपालिकाको राजस्व शाखाबाट तोकिएको दस्तुर बुझाएपछि प्राप्त गर्न सकिनेछ। यस सम्वन्धी विस्तृत जानकारी गाउँपालिकाको वेभसाइट www.sunilsmritimun.gov.np वाट प्राप्त गर्न सकिनेछ।

२०८०।०५।०५

(दिनेश पौडेल)
प्रमुख प्रशासकीय अधिकृत

*"जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प"*

ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.npवेवसाइटःsunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०

सुनिलस्मृति गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

## सुनिलस्मृति गाउँपालिकाको ठेक्का नं. 01/SQ/SSRM/2080-081 को सिलबन्दी वोलपत्र सम्वन्धी शर्त तथा वन्देजहरु

१. बोलपत्र खरिद गर्न इच्छुक वोलपत्रदाता (फर्म वा कम्पनी) हरुले दर्ता प्रमाणपत्र (आ.व. २०८०/०८१ सम्म नविकरण भएको),मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र र व्यक्तिको परिचय खुल्ने कागजात ( नेपाली नागरिकताको प्रमाण पत्र वा राहदानी वा सवारी चालक अनुमति पत्र) को प्रतिलिपिहरु पेश गरी सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र यसै कार्यालयको राजस्व शाखावाट खरिद गरी १६ औं दिनको दिउसो १२:०० बजे सम्म शिलबन्दी वोलपत्र दर्ता गरि सक्नु पर्नेछ। तोकिएको समयभित्र दर्ता भएका वोलपत्रहरु सोहि दिनको १:०० वजे बोलपत्रदाता वा निजको प्रतिनिधि र यस गाउँपालिकाका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि वोलपत्र खोल्न कुनै वाधा पर्ने छैन। बोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिनको भोलिपल्ट कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मानिनेछ।

२. शर्त नं. १ मा उल्लेखित कागजातका अतिरिक्त वोलपत्रदाताले वोलपत्र पेश गर्दा वोलपत्र खरिद दस्तुर Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस कार्यालयको राजस्व खाता ८२०४०१००००१८ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नु पर्नेछ। साथै धरौटी रकमको हकमा बोलपत्रदाताले कवोल गरेको अंकको ५ प्रतिशतका दरले हुन आउने रकम Global IME Bank को सुलिचौर स्थित शाखामा रहेको यस गाउँपालिकाको धरौटी खाता ८२०४०१००००००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य वैंकवाट वोलपत्र नं. र नाम उल्लेख भई १२० दिनको म्याद सहित यस कार्यालयको नाममा जारी गरेको विडवण्ड पेश गर्नु पर्नेछ।

३. म्याद नाघी वा रीत नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।

४. यस गाउँपालिकाको छाप र प्रमुख प्रशासकीय अधिकृतको दस्तखत नभएको वोलपत्र फारमलाई मान्यता दिइने छैन।

५. बोलपत्रदातावाट बोलपत्र फारम भर्दा अंक र अक्षरमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिइनेछ। केरमेट भएको ठाँउमा सही छाप हुनु पर्ने छ।

प्रमुख प्रशासकीय अधिकृत


ईमेलः info@sunilsmritimun.gov.np, ito@sunilsmritimun.gov.np वेबसाइटःsunilsmritimun.gov.np फोन नः ०८६४०११५२,७०

६. वोलपत्रदाताले वोलपत्र फारमहरुमा उल्लेख भएका सवै विवरणहरु भरी प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी बुझाउनु पर्नेछ।

७. सिलवन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ।

८. एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को व्यक्ति, फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाइने छैन।

९. दर्ता भएका वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। शर्त सहितको बोलपत्र स्वीकृत गरिने छैन।

१०. योग्य बोलपत्रदाता मध्येवाट सवै भन्दा वढी कबोल गर्ने वोलपत्रदाताको वोलपत्र स्वीकृत गरिनेछ। तोकिएको म्याद भित्र स्वीकृत वोलपत्रदाता संझौता गर्न नआएमा बढि कबोल गर्ने मध्ये दोस्रो वोलपत्रदाताको वोलपत्र स्वीकृत गरी संझौता गरिनेछ।

११. ठेकेदारले ठेक्का भोगचलन गर्दा यस कार्यालयको निर्देशन र संझौतामा उल्लेखित शर्त वमोजिम गर्नु पर्नेछ।

१२. ठेक्का अवधि आर्थिक वर्ष २०८०/०८१ को असार मसान्त सम्म रहनेछ।

१३. बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र स्वीकृत कवोल अंकको ५० प्रतिशत रकम यस कार्यालयको तोकिएको खातामा अग्रिम जम्मा गरेको सक्कल बैंक भौचर र सो रकममा लाग्ने १३ प्रतिशत मू.अ.कर सम्वन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नु पर्नेछ। बाँकि ५० प्रतिशत रकम र सो रकममा लाग्ने १३ प्रतिशत मू.अ.कर रकम २०८० साल चैत्र मसान्त सम्म दाखिला गरि सक्नु पर्नेछ। तोकिएको समयमा रकम दाखिला नगरेमा २०८१ साल बैशाख महिनाको पहिलो हप्तामा धरौट रकमवाट असुलउपर गरिनेछ।

१४. धरौट रकम फुकुवा संझौतामा उल्लेख भए अनुसार हुनेछ।

१५. बोलपत्रदाता र गाउँपालिकावीच कुनै किसिमको मतभिन्नता भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

१६. यस वोलपत्रमा उल्लेखित विषयमा हकमा यसै सूचना अनुसार र उल्लेख नभएको विषयको हकमा प्रचलित कानून वमोजिम हुनेछ।

१७. अन्य कुराहरु स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ।

प्रमुख प्रशासकीय अधिकृत